नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

प.सं.०८२/०८३

मिति २०८३।०२।२१

## सूचना!

यस विभागमा दर्ता भई सञ्चालनमा रहेका इजाजतपत्र प्राप्त संस्थाहरूमार्फत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका र त्यहाँ विभिन्न समस्यामा परेका वा समस्यामा परी स्वदेश फर्किएका श्रमिकहरूको यस विभागको राहत तथा उद्धार शाखामा उजुरी/निवेदन दर्ता हुने व्यवस्था रहेको साथै विभागमा वैदशिक रोजगारसँग सम्बन्धित कानूनी व्यवस्था विपरित भएका गतिविधिका सम्बन्धमा विभिन्न उजुरी/निवेदनहरु समेत दर्ता हुने कानूनी प्रबन्ध रहेको व्यहोरा विदितै छ।

उक्त उजुरी तथा निवेदनहरूको न्यायोचित सम्बोधन गरी पीडितको समस्या समाधान गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाको मुलभूत दायित्व हुने भए तापनि कतिपय इजाजतपत्र प्राप्त संस्थाहरूलाई विभागबाट विभिन्न मितिमा पत्राचार तथा सम्पर्क गरी निर्देशन दिँदा समेत हालसम्म सन्तोषजनक रूपमा समस्या समाधान भएको देखिएको छैन।

अतः श्रमिकहरूको हितलाई ध्यानमा राखी उक्त विचाराधीन रहेका सम्पूर्ण उजुरी तथा निवेदनहरू यथाशीघ्र अनिवार्य रूपमा फरफारक गराउनु हुन सम्बन्धित सबै इजाजतपत्र प्राप्त संस्थाहरूलाई सूचित गरिन्छ। उजुरी फछ्यौंट गर्ने तर्फ अग्रसर नभएको खण्डमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६ र दफा ५७ मा भएका व्यवस्था बमोजिम कानुनी कारबाही अगाडि बढाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

२०८३।०२।२१

शाखा अधिकृत

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606